निर्णय नं १:

जिल्लामा अवस्थित विभिन्न नदी खोलाहरुमा नदीजन्य पदार्थहरु अवैध रुपमा उत्खनन, संकलन र विक्रि वितरण भैरहेको भन्ने जनगुनासो तथा जानकारी प्राप्त हुन आएकोले सो सम्वन्धमा मिति २०८२।१२।२५ गते विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा स्थलगत अनुगमन गर्दा देहाय वमोजिमका स्थानमा नदीजन्य पदार्थ (ढुंगा,माटो,वालुवा,मिस्कट आदी) अवैध रुपमा संकलन तथा भण्डारण गरेको पाइएकोले अवैध रुपमा संकलित उक्त नदीजन्य पदार्थ जफत गरी प्रचलित कानून वमोजिम लिलाम गर्न तथा उक्त अवैध क्रियाकलापमा संलग्न ब्याक्तिहरुलाई कानूनी दायरामा ल्याई कार्वाही गर्न र सो को जानकारी जिल्ला समन्वय समितिमा गराउन विनयी त्रिवेणी गाउँपालिकालाई लेखि पठाउने ।

१.विनयी त्रिवेणी गाउँपलिका वडा नं ४ खयरघारी

२. विनयी त्रिवेणी गाउँपलिका वडा नं ४ भालुचिरा

३. विनयी त्रिवेणी गाउँपलिका वडा नं ४ गोग्दी(१)

४. विनयी त्रिवेणी गाउँपलिका वडा नं ४ गोग्दी(२)

५. विनयी त्रिवेणी गाउँपलिका वडा नं ४ कोलटाँडी वैरेनी

६ विनयी त्रिवेणी गाउँपलिका वडा नं ३ कटवाँसघारी

७. विनयी त्रिवेणी गाउँपलिका वडा नं ३ कटवाँसघारी (सुनही दोभान)

८. विनयी त्रिवेणी गाउँपलिका वडा नं ३ भर्ता

निर्णय नं २:

चुरे क्षेत्रमा भैरहेको अवैध उत्खनन तथा अवैध रुपमा संचालित क्रसर उद्योग तत्काल नियन्त्रण सम्वन्धमा गृह मन्त्रालयको च.नं १५९९ मिति २०८२।१२।२५ वाट जिल्ला प्रशासन कार्यालयलाई लेखि आएको पत्रको सम्वन्धमा छलफल हुँदा जिल्लाका सवै स्थानीय तहहरुलाइ आ-आफ्नो पालिकाभित्रका चुरे क्षेत्र अन्तर्गत पर्ने खोला खण्डहरुवाट अवैध रुपमा हुने उत्खनन कार्य रोक लगाउन, अवैध उत्खनन भएको भए सो क्रियाकलापमा संलग्न ब्याक्ति वा समुहलाइ कानुनी दायरामा ल्याउन एवं आ-आफ्नो पालिकाभित्रका क्रसर उद्योगहरुको दर्ता नविकरण करचुक्ता लगायतका उद्योग संचालन गर्न आवश्यक पर्ने अन्य विषयवस्तुहरुको सम्वन्धमा प्रभावकारी अनुगमन गरि तिनको वस्तुस्थिति जिल्ला अनुगमन समितिलाई जानकारी गराउन लेखि पठाउने।

साथै यस कार्यको प्रभावकारीताको लागि जिल्लाका क्रसर उद्योगहरुको अनुगमन गरि प्रतिवेदन गर्न मिति २०८२।०४।२६ मा जिल्ला अनुगमन समितिवाट उपप्रमुख सकुन्तला लम्सालको संयोजकत्वमा गठित उपसमितिले नियमित रुपमा अनुगमन गरि समितिमा प्रतिवेदन पेश गर्न लगाउने।

इति संवत २०८२ साल चैत्र २७ गते रोज ६ शुभम् ।